# समाचार सन्देश

वर्ष १९, अङ्क ७ आई.पी.एस्. लेख रचनाको सँगालो, जेठ २-१७, २०६७ (मे १६-३१, २०१०)


## एसिड आक्रमणबाट जोगाउन नयाँ कानुनको प्रस्ताव

– जोफिन इब्राहिम

कराँची, पाकिस्तान (**आई.पी.एस्./एन्.पी.आई.**) – आफ्नै प्रेमीको एसिड आक्रमणबाट पीडित बनेकी बीस वर्षीया नैला फरहात त्यस दुःखदायी घटनाको झण्डै सात वर्षपछि महिलामाथि हुने त्यस्ता हिंसात्मक आक्रमणबाट उनीहरूलाई जोगाउन वर्तमान कानुनमा संशोधन गर्नुपर्ने मागलाई जोडतोडले उठाउँदैछिन् ।

फरहात नै एउटी त्यस्ती महिला हुन् जसको घाउभित्र पीडाको आगो यथावत छ र एसिड छर्कने व्यक्तिलाई सजाय नदिँदासम्म उनी चुप लागेर बस्न नसक्ने मनस्थितिमा छिन् ।

"म पनि उसलाई एसिडमा डुबाएको हेर्न चाहन्छु ताकि उसले पनि अतिशय दुःखको अनुभव गर्न पाउनेछ र जीवनभर कुरूप भएर बाँच्नु पर्नेछ," पञ्जाव प्रान्तको दक्षिणस्थित लायामा बस्दै आएकी उनले आफूमाथि आक्रमण गर्ने व्यक्तिका सम्बन्धमा भनिन् ।

महिला विकाससम्बन्धी प्रधानमन्त्रीका सल्लाहकार एवम् सांसद यासमिन रहमानले महिला विकास मन्त्रालयले एसिड आक्रमणसम्बन्धी कानुनको मस्यौदा गर्न थप अनुसन्धान गरिरहेको आईपीएसलाई बताइन् । "मन्त्रालयले एसिड सर्भाइभर फाउन्डेसन (एएसएफ) र महिला विकास सम्बन्धी राष्ट्रसङ्घीय विकास नियोगबाट सहयोग माग गरेको छ," उनले भनिन् ।

एएसएफले हाल बेलायत र अमेरिकास्थित कोरनेल ल स्कुलबाट सहयोग प्राप्त गरिरहेको छ, फाउन्डेसनमा कार्यरत वकिल साना मसूदले बताइन् । यस संस्थाले एसिड पीडितका निम्ति औषधि, मनोसामाजिक, सामाजिक-आर्थिक र कानुनी सहायता प्रदान गर्दछ । "हामीले अर्को विधेयक तयार गर्न महिला विकास मन्त्रालयका निम्ति विस्तृत अनुसन्धानका कार्यहरू गरिरहेका छौं," उनले खुलासा गरिन् । "साँच्चै भन्ने हो भने हामी जुलाईको संसद बैठकमा यो विधेयक पेस गर्न सक्षम हुनेछौं ।"

फरहातले आफ्ना पीडकहरू एकजना दर्जी र उसलाई सघाउने विज्ञान शिक्षकमाथि मुद्दा दायर गरेको छ वर्षपछि नोभेम्बर २००९ मा पाकिस्तानका प्रधानन्यायाधीश इफ्तिखार मोहम्मद चौधरीले औद्योगिक प्रयोजनको एसिडको बिक्रीमा प्रतिबन्ध लगाउन र एसिड आक्रमण गर्ने विरुद्ध सजाय बढाउन नयाँ कानुन पारित गर्न आग्रह गरेका थिए ।

तल्लो अदालतले फरहातका अपराधीमाथि १२ वर्षको जेल सजाय दिने र १२ लाख ५० हजार पाकिस्तानी मुद्रा (करिब १४,७७५ अमेरिकी डलर) क्षतिपूर्ति


### अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

भराउने गरी भएको फैसलालाई सदर समेत गरेको थियो । चौधरीले फरहातको स्वास्थ्योपचार र शैक्षिक जरुरतका निम्ति आवश्यक व्यवस्था गर्न सरकारलाई आदेश समेत दिएका थिए ।

फरहातले उनीमाथि आक्रमण गर्नेमध्येका एकजनालाई तल्लो अदालतले गतवर्षको अन्त्यमा मुक्त गर्ने फैसला गरेको विरोधमा सर्वोच्च अदालतमा मुद्दा दायर गर्ने निर्णय समेत गरेकी छन् । अदालतले अपराधीको जेल सजायलाई चार वर्षमा झार्नुका साथै जरिवानालाई पनि ११०,००० पाकिस्तानी रूपैयाँ बनाएको थियो । "शिक्षकले न्यायाधीशलाई घुस खुवाए र त्यही दिन उनी छुटे," उनले भनिन् ।

सर्वोच्च अदालतको आदेशपछि तीनजना महिला सांसदले हतारमा मस्यौदा गरिएको विधेयक दर्ता गरेका थिए । मसूदले भनेझैं यस विधेयकले महिला विरुद्धका हिंसालाई रोक्न वर्तमान कानुनमा संशोधन गर्ने प्रयत्न गरेको छ । "संसदको प्राथमिकतामा यो विषय नपरेकै कारण यसलाई छलफलमा समेत ल्याइएको छैन," विधेयक लेखनकी एकजना मुख्य व्यक्तित्व मार्भी मेनमोनले भनिन् ।

विधेयकमा गरिएको वर्तमान व्यवस्था पर्याप्त नभएको मसूद बताउँछिन् किनभने यो विभेदकारी रहेको र यसले महिला एवम् बालबालिकालाई मात्र समेटेको देखिन्छ । अध्ययनले पीडितहरूमध्ये झण्डै ३९ प्रतिशत पुरुषहरू पनि रहेको देखाएको छ । पुरुषहरू पनि एसिड आक्रमणको जोखिममा छन्, उनले भनिन् । उनीहरू सम्पत्तिको विवाद, आर्थिक समस्या र पेसागत आक्रोसका कारण एसिड आक्रमणको समस्यामा उल्झने गरेका छन् ।

यसबाहेक, एसिडको व्यापारलाई नियमन र अनुगमन गर्नेतर्फ कानुन कार्यान्वयन निकाय वा संयन्त्रको भूमिकाका सम्बन्धमा समेत विधेयकले स्पष्टरूपमा परिभाषित गरेको छैन, मसूदले बताइन् ।

अर्कोतर्फ केही महिला विधायकले एसिड फाल्नेजस्तो हिंसात्मक आक्रमणबाट महिलालाई जोगाउन नयाँ कानुनको जरुरी नभएको बताएका छन् । "मेरो विचारमा हामी पहिल्यैदेखि कानुनी जालोमा उनिएका छौं," सांसद नफिसा शाहले भनिन् । "कानुन त पहिल्यैदेखि छन् । जरुरी भनेकै भएका कानुनको कडाइका साथ कार्यान्वयन गर्नु हो ।"

रहमानले भनिन्, "महिला विरुद्धका कार्यहरू बढ्दै गएका कारण विशेष कानुनहरूको भने जरुरी छ ।" फ्रान्सेली समाचार संस्था (एएफपी) लाई दिएको अन्तर्वार्तामा एएसएफकी मसूदले सन् २००९ मा एसिड आक्रमणका ४८ वटा घटना दर्ता भएको जानकारी दिएकी छन् । सन् २००७ को तुलनामा यो संख्या ३० ले बढी हो ।

घरेलु हिंसाका पीडितलाई सहायता प्रदान गरिरहेको इस्लामावादस्थित प्रगतिशील महिला सङ्घकी अध्यक्ष शाहनाज बुखारीले सन् १९९४ यता एसिड आक्रमणमा परेका ८,८८६ जनालाई सहायता प्रदान गरेको बताइन् । एसिड आक्रमणका घटना दक्षिण पञ्जाबमा खासगरी बढी मात्रामा हुने गरेको पाइएको छ । यो पाकिस्तानको दोस्रो ठूलो प्रान्त हो ।

एसिडको कारोबारका सम्बन्धमा नियमन र अनुगमन संयन्त्रको अभाव, न्यून मूल्य, सामाजिक-आर्थिक अवस्था कमजोरजस्ता कारणले यी अपराध भइरहेको अध्ययनले देखाएका छन् । एक बोटल सल्फुरिक एसिडलाई २० पाकिस्तानी रूपैयाँ (करिब २३ अमेरिकी सेन्ट) मात्र पर्दछ, बुखारीले भनिन् । "कपडा उद्योग र कपासको बीउ सफा गर्न एसिडको प्रयोग हुने गर्दछ," खानले भनिन् । उनको संस्थाले सन् २००६ देखि पञ्जाबका एसिड पीडित करिब ३०० जनालाई औषधि उपचार, मनोसामाजिक, सामाजिक आर्थिक र कानुनी सहायता प्रदान गरेको छ ।

फरहात न्यायका निम्ति सङ्घर्षरत रहे पनि कतिपय पीडितले अपराधीमाथि कारबाही गर्न डराएको पाइएको छ । करिब चालीस वर्षकी नईमा बेगममाथि उनका पतिले एसिड फाले र सन् २००४ मा पारपाचुके पनि गरे । उनी भन्छिन्, "म उसलाई अदालतमा उभ्याउन चाहन्न किनभने उसले त्यसो गरेको बदलामा मेरा बच्चाहरू लैजाने डर छ ।"

"अधिकाँशलाई चुपचाप रहन धम्की दिइएको छ," बुखारीले भनिन् । उनीहरूको दाग सतही मात्र छैन, यो निक्कै गडेको हुन्छ, उनी भन्छिन् ।

फरहातलाई आफ्नो कुरूप शरीरको केही चिन्ता छैन, उनी न्यायको खोजीमा सङ्घर्षरत छिन् । नयाँ कानुन चाँडै आउनेछ र उनका अपराधी जेलमा हुनेछन् । यद्यपि अहिलेका निम्ति पाकिस्तानका प्रधानन्यायाधीशको निर्देशन आए पनि छ महिनादेखि उनी प्रतिज्ञा गरिएको आर्थिक सहायता प्राप्त हुने पर्खाइमा छिन् ।

# श्रीलङ्काको दुर्लभ मुँगाको पर्खाल बचाउने चुनौति

– अमान्था परेरा

पोल्हेना, श्रीलङ्का (**आई.पी.एस्./एन्.पी.आई.**) – शनिबारको दिन श्रीलङ्काको राजधानी सहर कोलम्बोबाट झण्डै १६० किलोमिटर दक्षिणमा रहेको पोल्हेना तटमा स्थानीय र विदेशी पर्यटकको ओइरो लागेको हुन्छ । उनीहरू बालुवामा खेलिरहेका हुन्छन् अथवा घाममा चम्किरहेको शान्त पानीमा पौडी खेलिरहेका भेटिन्छन् ।

टाढा किनारमा भने एकजोडी छायाँ पानीतर्फ लम्केको देख्न सकिन्छ र उनीहरू केही टिप्न व्यस्त रहेको देखिन्छ । उनीहरू मुँगाको पर्खाल बटुल्न हिँडेका हुन् । उनीहरू समुद्री तटबाट झण्डै ५०० मिटर भित्रसम्म पुग्छन् र कहालीलाग्दा छालमा काम गरिरहेका हुन्छन् । पोल्हेनाका सुखद क्षणको सम्झनास्वरूप यहाँ आउने पर्यटकहरू मुँगाको पर्खालका नमुनाहरू संग्रह गर्दछन् ।

समुद्री किनाराको मजा लिनेहरूका निम्ति मुँगामा हिँडेर आफ्नो पैतालाले त्यसलाई धुलोपिठो पार्नु आनन्ददायी हुनसक्ला । विज्ञहरूका अनुसार यही शैलीले त्यस द्वीपमा रहेका बहुमूल्य मुँगा विनास भइरहेको छ । पोल्हेनाबाट करिब ६० किलोमिटर उत्तरमा रहेको श्रीलङ्काकै सबैभन्दा बढी मुँगाको पर्खाल पाइने हिक्कादुवामा तुल्बुले पर्यटकलाई लिएर सिसा जडित डुङ्गा ओहोरदोहोर गरिरहन्छ । डुङ्गा मुँगाको पर्खालमा पुगेर घुम्छ र तटमा तुरुन्तै फर्कन्छ । त्यहाँसम्म पुग्न डुङ्गालाई तीन मिनट लाग्छ र त्योभन्दा छिटो तटमा फर्कन्छ ।

यस दृश्यले वातावरण अधिकारकर्मी सोमदासा डि सिल्भाको निधारमा क्रोधका रेखा बन्छन् । "उनीहरूले विनासमात्र गरिरहेका छन् - यसबाट मुँगाको पर्खालको विनास हुन्छ," विगत तीस वर्षदेखि मुँगाको पर्खालको संरक्षणमा सङ्घर्षरत सिल्भाले आईपीएसलाई बताए । सिल्भा अनुभवी पौडीवाज र संरक्षणवादी हुनुका साथै उनले मुँगाको संरक्षण अभियान सञ्चालन गरिरहेका छन् ।

श्रीलङ्काको सीमित क्षेत्रमा मात्र पाइने मुँगाको जथाभावी उत्खनन्ले वातावरणमाथि नै दबाब सिर्जना गरेको उनको ठम्याइ छ । श्रीलङ्काली अनुसन्धान तथा विकास संस्था अन्तर्गतको नेसनल एक्वाटिक रिसोर्सेज (एनएआरए) का अनुसार करिब १,५८० किलोमिटरको तटीय भागमध्ये ३२ किलोमिटर अर्थात् २ प्रतिशतभन्दा कम भागमा मात्र मुँगाको क्षेत्र फैलिएको छ ।

"डुङ्गालाई नै हेरौं न - तिनीहरू मुँगा भएका क्षेत्रमा तीव्र गतिमा दौडन्छन्, र यसले सामुद्रिक पर्यावरणलाई नै बाधा पुऱ्याइरहेको छ । यस्तो कार्य नियमित ढङ्गबाट हुन्छ भने नोक्सानी डर लाग्दो हुन्छ," डि सिल्भाले दारुण स्वरमा भने । डुङ्गा खियाउने अधिकांश व्यक्ति अनुभवहीन छन् र उनीहरूलाई मुँगाको माथिबाट डुङ्गा चलाउँदा हुने नोक्सानीका बारेमा जानकारी छैन, उनले भने ।

ती डुङ्गाले इन्धन र अन्य हानिकारक वस्तुहरू पनि मुँगाको पर्खाल पाइने ठाउँमै मिल्काउँछन् । सिल्भाका अनुसार यस्तो व्यवहार लाई कसैले रोक्दैन । मुँगा भएको स्थानमा घुम्न जाने पर्यटक वा अन्य व्यक्तिले त्यहाँबाट गहना वा उपहारको रूपमा मुँगा लिएर जाने गलत प्रवृत्तिको शिकार पनि यो स्थान भएको छ, उनले बताए ।

श्रीलङ्काको उत्तरी जाफ्ना प्रायद्विपमा मुँगा नजिकै रहेको नागा दीप नामको प्रसिद्ध बौद्धमार्गी मन्दिर जाने बसका यात्रुलाई कुनै पनि प्रकारका मुँगा घर नलैजान प्रहरीले चेतावनी दिने गरेको छ । "कृपया यी मुँगा नकिन्नुहोला, समुद्री किनारमा यी वस्तु नटिप्नुहोला । यी वस्तु त्यहीं छाडीदिनुहोला," पर्यटकले खचाखच बसका यात्रुलाई अधिकारीले सम्झाउँछन् र उनीहरू जफत गरिएको मुँगाको भाँडो पनि देखाउँछन् ।

"समस्या नै मानिसलाई मुँगाको महत्व थाहा नहुनु हो," पोल्हेना रिफ गार्डेन होटलका व्यवस्थापक सुमेधा कुलातुङ्गाले बताए । पर्यावरणीय दृष्टिकोणबाट मुँगाको महत्व व्यापक छ र यसले धेरै प्रजातिका माछाका निम्ति भूरा उत्पादन गर्ने थलो उपलब्ध गराउँछ । विश्वव्यापी मुँगाको स्थिति: २००८ प्रतिवेदनले विश्वमा पाइने मुँगाको झण्डै १९ प्रतिशत समाप्त भइसकेको र आउँदो २० देखि ४० वर्षको अवधिमा झण्डै २० प्रतिशत समाप्त हुने खतरामा रहेको भनेको छ ।

एनएआरएको अनुसन्धानले पनि मुँगाको नोक्सानीको प्रमुख कारणहरूमा समुद्रमा मुँगा निकाल्ने, माछाको व्यापक विनास गर्ने र अनियमित रूपमा माछा मार्ने रहेको देखाएको छ । मुँगा भएका क्षेत्रमा कम्तीमा माछा मार्दा हानिकारक जालीको प्रयोग र डाइनामाइटजस्तो विस्फोटक पदार्थको प्रयोग रोक्न विशेष ध्यान दिनुपर्ने सिल्भा बताउँछन् ।

एनएआरएका अनुसार श्रीलङ्कामा मुँगाको विनासको अवस्था डरलाग्दो रहेको छ र झण्डै ५,००० वर्ष पुरानो मुँगाको वासस्थानमा क्षति पुगेको छ । खासगरी, घना आवादी रहेको दक्षिण-पश्चिमी तटीय इलाकामा यस्तो विनास ज्यादा छ र यो क्षेत्रमा मुलुकको झण्डै २ करोड २० लाख जनसंख्यामध्ये करिब दुईतिहाई बसोबास गर्दछन् ।

नियमितरूपमा समुद्रका भित्री भागसम्म पौडी खेल्ने सिल्भा हिक्कादुवाको प्राकृतिक मुँगामध्ये झण्डै ५० प्रतिशत चुनौतिपूर्ण अवस्थामा रहेकोमा चिन्ता व्यक्त गर्दछन् । "त्यहाँ पुगेर हेर्दा हामीले विनास मात्र देख्नेछौं," उनले भने ।

"पर्यावरणीय महत्व मात्र होइन मुँगाले सन् २००४ को डिसेम्बरमा आएको सुनामीबाट समुद्री तटीय क्षेत्रलाई सुरक्षित समेत पारेको थियो," पोल्हेना रिफ गार्डेन होटलका कुलातुङ्गाले भने । हिक्कादुवामाथि पनि सुनामीले हिर्काएको हो तर त्यति असर परेन । धेरै मानिसको विचारमा यो मुँगाकै कारण भएको थियो, उनले बताए ।

सिल्भाले श्रीलङ्काको बाँकी रहेको मुँगा बचाउन राष्ट्रिय अभियानको नेतृत्व गरिरहेका छन् । मुँगाको नोक्सानी गर्नेमाथि कडा दण्डको व्यवस्था गर्नुपर्ने उनको सुझाव छ । उनी मुँगा उत्खनन्लाई पूर्ण प्रतिबन्ध लगाउनुपर्ने धारणा राख्छन् ।

"मुँगा बन्नका निम्ति हजारौं वर्ष लाग्दछ, हामीले त्यसलाई दशकभित्रै वा त्योभन्दा कम समयमा समाप्त गर्न सक्छौं," प्रकृतिको अनुपम सौन्दर्य हेर्न खचाखच पर्यटकले भरिएको पोल्हेना समुद्र तटीय क्षेत्रमा पौडी खेल्दै उनले भने ।

# जापानी महिला राजनीतिमा प्रवेश गर्दैछन्

– सुभेन्द्रिनी काकुची

टोकियो (**आई.पी.एस्./एन्.पी.आई.**) – टोकियोको पश्चिममा करिब १५०,०० जनसंख्या रहेको इसेहारा सिटी काउन्सिलमा ५९ वर्षीया जुन्को हामादा निर्वाचित सदस्य भएको १२ औं वर्ष पुगेको छ। पूर्व महिला अधिकारकर्मी, विवाहित, तीनजना हुर्केका छोराछोरी र नातीनातिना रहेकी हामादामा ऊर्जा र लालित्य अझै उस्तै छ। पुरुषको प्रभुत्व रहेको जापानी राजनीतिमा उनी खरो रूपमा उत्रिएकी छिन्।

"महिलाको प्रतिबद्धता नै सबैभन्दा बढी महत्वपूर्ण छ किनभने जापानमा ६५ वर्ष अघिसम्म एकजना पनि महिलाले राजनीतिमा प्रतिनिधित्व गर्न पाएका थिएनन्," नोरी आराकीले भनिन्। सन् १९४५ मा जापानले दोस्रो विश्वयुद्धमा हार व्यहोरेपछि महिलाले पनि मतदान गर्न पाउने अधिकार पाएका थिए।

आराकी जापानी महिला मतदातासम्बन्धी लिगकी प्रवक्ता पनि हुन्। जापानकै अग्रणी यस संस्थाले महिलालाई मतदान गर्न र राजनीतिमा प्रवेश गराउन प्रोत्साहित गरिरहेको छ। जेनेभास्थित अन्तर-व्यवस्थापिका युनियनको नोभेम्बर २००९ को सर्वेक्षणका अनुसार प्रतिनिधिसभामा महिला सांसदको अनुपातका आधारमा विश्वका १८९ मुलुकमध्ये जापान १०६ औं स्थानमा रहेको छ।

जापानको शक्तिशाली तल्लो सदनमा अहिले ४५ जनामात्र महिला सांसद छन् र यो संख्या ४८० सदस्य रहेको संसदको ९.४ प्रतिशत मात्र हो। २४२ सदस्यीय माथिल्लो सदनमा पनि यो अनुपात १८.२ प्रतिशत मात्र छ।

एकजना विश्लेषकले भने झैं स्थानीय राजनीतिमा महिलाको समग्र उपस्थितिको अवस्था भने त्यति कमजोर छैन। समग्रममा जापानका स्थानीय निकायमा महिलाको प्रतिनिधित्व करिब २० प्रतिशत रहेको छ। हामादा बसोबास गर्ने इसेहारा सिटी काउन्सिलमा कूल २४ सदस्यमध्ये सातजना महिला अर्थात् ४० प्रतिशत छन्।

घना आवादी भएको दक्षिणी टोकियोस्थित कानागावामा रहेको ओइसो सहरजस्ता केही क्षेत्रमा भने महिलाको प्रतिनिधित्व ५२ प्रतिशतसम्म उक्लिएको छ। यस सहरको १४ सदस्यमध्ये ८ जना महिला छन्। संसद बाहिर जापानी महिलाले महत्वपूर्ण उच्च स्थान हासिल गरेका छैनन् भन्ने पनि होइन। ताकाको दोइलाई सन् २००१ मा संसदमा पहिलो सभामुखको रूपमा नियुक्त गरिएको

थियो । उनले सोसल डेमोक्रेटिक पार्टीको प्रमुखको जिम्मेवारी समेत सम्हालेकी थिइन् । यो स्थानमा अहिले अर्की महिला कानुन व्यवसायी मिजुहो फुकुसीमाले नेतृत्व गरिरहेकी छन् ।

अनुदारवादी लिबरल डेमोक्रेटिक पार्टीको नेतृत्वको सरकारले समेत दुईवर्ष अघि पहिलोपटक महिला रक्षामन्त्रीको रूपमा युरिको कोइकेलाई नियुक्त गरेको थियो । उनलाई जापानी सञ्चारमाध्यमले अमेरिकी विदेशमन्त्री हिलारी क्लिन्टनकै समकक्षीको रूपमा प्रस्तुत गरेका थिए । उनको गर्विलो व्यक्तित्वलाई सञ्चारमाध्यमले प्रशंसा गरेका थिए ।

यद्यपि यस्ता राष्ट्रिय पदहरू सामान्य ढङ्गबाट प्राप्त हुने कुरा होइनन् र यो जापानी महिलाका निम्ति प्राप्त हुनुपर्छ भन्ने पनि छैन, मासा वादा भन्छिन् । उनी दोस्रो विश्वयुद्धमा जापानको पराजय भएपछि आफ्ना परिवारलाई मद्दत गर्नका निम्ति सन् १९४५ मा महिलाद्वारा स्थापना गरिएको चर्चित सुफुरेस (जापान गृहिणी संघ) मा दोस्रो दर्जामा काम गर्छिन् ।

संघले गृहिणीजस्तो पुरानो धारणामा परिवर्तन गर्न चाहेको वादा बताउँछिन् । संघले आजभोलि खाद्यान्नको स्तरीयता र इलेक्ट्रोनिक्स उत्पादनको सुरक्षाजस्ता विषयमा कानुन बनाउन दबाब दिने तथा यसै संस्थामार्फत् राजनीतिमा प्रवेश गर्ने अवसर जुटाउने कार्य गरिरहेको छ । वादाको विचारमा सिटी वा प्रिफेक्चरका एसेम्ब्लीजस्ता स्थानीय तहमा सहभागी महिला राजनीतिकर्मीले व्यापक जनसमर्थन पाएका छन् किनभने उनीहरूले जापानी महिलाले भोग्नु परेका जनस्तरका समस्यालाई जोडतोडका साथ उठाउने गर्दछन् ।

“जापानको लैंगिक राजनीति बुझ्ने गुत्थी कुरा नै यहाँको लैंगिक-आधारित समाज हो । परम्परागतरूपमा, महिलालाई घर परिवारको रेखदेख गर्ने जिम्मेवारी रहन्छ भने पुरुषहरू बाहिर काम गर्न निस्कन्छन्,” वादा भन्छिन् । “त्यसर्थ, महिलाले रक्षा नीतिमा परिवर्तनजस्ता ठूलठूला कुराभन्दा जीवनस्तर सुधारमा ध्यान केन्द्रित गरेकै कारण स्थानीय राजनीतिमा उनीहरूले राम्रो गर्न सकेका हुन् ।”

यसप्रति हमादा पनि समर्थन जनाउँछिन् । बुढ्यौलीका कारण थला परेकी आफ्नी आमालाई हेरचाह गर्ने जिम्मेवारी आएपछि उनको राजनीतिक महत्वाकांक्षा चुलिएको थियो । “मैले आफैंले सङ्घर्ष गरें र महिलाले पनि राम्रो अवस्थाको माग गर्दै घरबाहिर निस्केर यस्ता परिस्थितिसँग जुध्नु पर्दछ भन्ने निष्कर्षमा पुगें,” उनी भन्छिन् ।

हामादाले प्रारम्भमा स्वतन्त्र ढङ्गबाट राजनीतिमा प्रवेश गरिन् र यसका निम्ति उनका साथीहरूले मद्दत गरेका थिए । उनीहरूले जनस्तरमा कानागावा नेटवर्क मुभमेन्ट स्थापना गरेका थिए जसले महिलाका सवालमा वकालत गर्दथ्यो । त्यस अभियानको मुख्य एजेन्डा नै असक्त बुढाबुढीका निम्ति सरकारीस्तरमा लगानी गरिएका बृद्धाश्रम सेवामा वृद्धि गर्नुपर्दछ भन्ने थियो ।

सिटी एसेम्ब्लीमा पनि महिला सदस्यहरूले राम्रो स्वास्थ्यसेवाका निम्ति नयाँ नियम र बजेट छुट्याउनुपर्ने भन्दै सक्रियरूपमा वकालत गरिरहेका छन् भने बालबालिका र असक्तका निम्ति राम्रो पद्धति बसाल्न माग गरिरहेका छन् । पुरुष सदस्यहरू सामान्यतया सहयोगी छन्, हमादाले भनिन्, “धेरैजसो अवस्थामा यो हुनै पर्दथ्यो किनभने बुढापाकालाई स्वीकार गर्न बाध्य पारिएको थियो । तर मुख्य बुँदा भनेकै राजनीतिमा होमिएका महिलाले जनताको जीवन सुधारमा सफल भएका छन् ।”

विश्लेषक वादा जापानी समाज बुढ्यौलीतर्फ अग्रसर हुँदै गर्दा महिला राजनीतिकर्मीको भूमिका अझ सबलीकृत हुने बताउँछिन् किनभने यो विषय केन्द्रीय विषय भएर उठ्नेछ र जनसंख्या एवम् प्रजनन विषयले राष्ट्रिय अर्थव्यवस्थामा प्रभाव पार्नेछ । “महिला र पुरुष राजनीतिकर्मी दुबैले राष्ट्रिय स्वरूपमा देखा परेका सामाजिक विषयलाई सम्बोधन गर्न काँधमा काँध मिलाउन जरुरी छ र राजनीतिमा रहेको परम्परागत लैंगिक दूरीलाई कम गर्नुपर्दछ,” उनी जोड दिन्छिन् ।

# थाइल्याण्डको हिंसाले अस्थिरता निम्त्याउँदैछ

– जोहान्ना सोन

बैंकक (**आई.पी.एस्. / एन्.पी.आई.**) – टायर र बसमा लगाइएको आगोबाट मुस्लो धुँवा निस्केको छ । लुकिछिपि गोली र ग्रिनेडबाट आक्रमण । मृत्यु र घाइते । थाई राजधानीमा प्रवेश निषेधित क्षेत्रको घोषणा ।

यी दृश्यहरू बैंककका बासिन्दाले मे १३ को साँझदेखि दिनहुँ व्यहोर्नु परिरहेको छ । थाई सरकारले अप्रिलको प्रारम्भदेखि नै सरकारको राजीनामाको माग गर्दै प्रदर्शनमा उत्रिएका सरकार विरोधी प्रदर्शनकारीलाई राजधानीको मुख्य भागमा प्रवेश गर्न नदिने रणनीति बनाएको छ । सेनासँग झडपहरू मुख्य सहरको चार वर्गकिलोमिटर बाहिर भइरहेका छन् । त्यहाँ विद्युत्, पानी र मोबाइल फोनको नेटवर्क समेत काटिएको थियो ।

यद्यपि बैंकक‌का अन्य भागमा प्रभाव परेको छैन । झडपहरू भइरहेका केही क्षेत्रमा गोली चलाउन सक्ने सेनाले घोषणा गरेको थियो । सरकारले पनि प्रदर्शनकारीलाई राजप्रासोङ क्षेत्र खाली गर्न नयाँ समयसीमा तोकेको थियो । बिहीबारयता २९ जनाको ज्यान गइसकेको छ र कम्तीमा २२१ जना घाइते भएका छन् । अधिकारीका अनुसार यीमध्ये अधिकाँश सर्वसाधारण छन् ।

"वास्तवमा यो हुने क्रममै थियो," एकजना कर्मचारी लेकले बताए । "तर कसरी यसलाई हामीले स्वीकार गर्ने ? यो कुन रूपमा लामो समयसम्म अघि जान्छ ?"

"लुकिछिपि गोली चलाउनेदेखि अपरिचित सशस्त्र व्यक्तिहरू मेरा निम्ति सबैभन्दा डरलाग्दा भएका छन्," चुलालोनकोर्न विश्वविद्यालयका अनुसन्धाता पाकोर्न लर्टसाटिएन्चाईले बताए । "परिस्थिति अझ अस्तव्यस्त होला भन्नेमा म चिन्तित छु ।"

पत्रकार सुजान कान्पारितले अझ बढी हताहती हुने सम्भावना रहेको बताए । सेनाले हस्तक्षेप गर्ने र विरोध समाप्तीसँगै छापामार युद्ध सुरु हुने आशंका समेत छ । "फर्कनै नसक्नेगरी थाइल्यान्ड द्वन्द्वको चरम अवस्थामा पुगिसकेको छ," उनले बताए ।

झण्डै साठीलाख मानिस बस्ने र आर्थिक कारोबार तथा किनमेल गर्ने भिडभाड रहेको यस सहरमा आजभोलि सन्नाटा छाएको छ । यहाँ पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा समर्थक राता कमिज लगाउने युनाइटेड फ्रन्ट फर डेमोक्रेसी (युडिडी) का समर्थकहरूले नयाँ चुनावको माग गर्दै प्रदर्शन गरिरहेका छन् ।

राजप्रासोङ किनमेल केन्द्रको प्रवेशमा समेत रोक लगाइएको छ । यसक्षेत्रको बाहिरी भागमा रबर टायर र बाँसको पोलले छेकिएको छ । यसको अघिल्तिर अधिकांश थाइल्याण्डको उत्तर-पूर्वी क्षेत्रबाट आएका करिब ६,००० प्रदर्शनकारी बसिरहेका छन् । यसअघिका प्रदर्शनमा यो संख्या दशौं हजार हुने गर्दथ्यो ।

राष्ट्रिय टेलिभिजन प्रसारणमा प्रधानमन्त्री अभिसित भिज्जाजिवाले सहरी क्षेत्रमा लगाइएको प्रतिबन्ध कानुन बहालीका लागि एकमात्र उपाय भएको बताएका छन् । विगतमा भने मध्यस्थता वार्ता भए पनि यसपटक त्यस्तो गरिएको छैन । "हामीले सम्पूर्ण मुलुकलाई नै फाइदा हुने कार्य गरिरहेकाले हामी सेनालाई पछि हटाउन सक्दैनौं," उनले भने ।

सरकारी प्रवक्ता पानिथान वात्तानायागोर्न भन्छन्, "केही दिनभित्र सामान्य अवस्था बहाल हुने विश्वास लिएका छौं ।" विदेशी श्रोतालाई समेत सम्बोधन गर्ने

उद्देश्यले उनले अंग्रेजी भाषामा सम्बोधन गरेका थिए । सरकारले राजप्रासोड वरपरको क्षेत्रको सुरक्षा व्यवस्था कडा पारिएपछि प्रदर्शन अन्त्य हुने विश्वास गरेको थियो । पुरानो बैंकककका भिन्नभिन्न स्थानमा मार्च १२ देखि नै यस्तो प्रदर्शन आरम्भ गरिएका थिए ।

युडिडी नेतृत्वले अन्त्यसम्म सडकमै रहने बताएका थिए तर बल प्रयोग रोक्न सरकारसँग आग्रह पनि गरेको थियो । "निरस्त्र राता कमिजधारी प्रदर्शनकारी मारिने वा घाइते हुने सम्भावनालाई रोक्न यो आह्वान गरिएको हो," रातो कमिजधारी नेता नथावुट साइकुवाले बताए । सरकारले हस्तक्षेप रोकेमा वार्ता पुनः आरम्भ हुने उनको विश्वास छ ।

तर सरकारी अधिकारीहरूले महिला, बालबालिका र बृद्धबृद्धालाई प्रदर्शनस्थल छाडी बैंकक बाहिरका आफ्ना घर फर्कनका निम्ति उपलब्ध गराइएका बस लिन भनेका थिए । युडिडी नेताहरूमा समेत विभाजन भएको समाचार आएका थिए । केही उदार धारणा राख्नेहरूले प्रदर्शनस्थल छाडेका थिए किनभने नोभेम्बर १४ मा चुनाव गर्ने प्रधानमन्त्री अभिसितको प्रस्ताव स्वागतयोग्य लागेको थियो । वीरा मुसिकापोङजस्ता केही उच्च नेताहरू प्रदर्शनस्थलमा देखा परेका थिएनन् । केही मानिसले उनलाई चिसोले समातेको र नेताहरूबीच कुनै प्रकारको विभाजन नरहेको बताएका छन् ।

अभिसितले मे महिनाको प्रारम्भमै चुनावको प्रस्ताव गरेका छन् र यस प्रस्तावका साथ प्रदर्शन समाप्त हुने विश्वास लिएका थिए । तर विदेशमा रहेका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको संरक्षकत्वमा रहेका युडिडी नेताहरूले अप्रिल १० का दिन प्रदर्शनकारीलाई तितरबितर गर्ने नाममा भएको हत्याको प्रधानमन्त्री अभिसित र उनका सहयोगीले जिम्मेवारी लिनुपर्ने भन्दै प्रदर्शनलाई निरन्तरता दिएका थिए ।

गतहप्ता अभिसितले चुनावको प्रस्तावलाई खारेज गरेका थिए । नाकाबन्दी गर्ने कार्यमा समेत प्रदर्शनकारीबीच मत विभाजन आएको देखिएको छ । सुआन डुसिट पोलले सार्वजनिक गरेको सर्वेक्षणले ५१.५३ प्रतिशत थाईले राजप्रासोडलाई नियन्त्रण गर्ने कुरालाई समर्थन जनाएका थिए र ४० प्रतिशतभन्दा केही बढीले यसलाई अस्वीकार गरेका छन् किनभने यसको परिणाम मृत्यु मात्र हुन्छ ।

मार्चमा भएको प्रदर्शनको आरम्भमा युडिडीले नयाँ निर्वाचन गराउन माग गरेका थिए । उनीहरूले अभिसितको सरकार जनताको मतको आधारमा नभई सेनाको पहलमा सन् २००८ मा सत्तामा आएको आरोप लगाइरहेका छन् । उनीहरूको विचारमा सैनिकले चुनावमा विजयी भएको थाक्सिन समर्थक दललाई जबर्जस्ती हटाएको थियो । बैंककस्थित उच्चवर्गले पर्याप्त अवसर र प्रतिनिधित्व नगराएको गुनासो गर्दै उत्तर एवं उत्तर-पूर्वी क्षेत्रबाट आएका एकलाखभन्दा बढी मानिसले रातो कमिजधारी प्रदर्शनमा सहभागी भएका थिए ।

झडप र उनीहरूमाथि बल प्रयोगका सम्बन्( धमा अलमल परेको थियो । सरकारले केही राता कमिजधारी सशस्त्र रहेका बताएको छ र अभिसितले उनीहरूलाई आतंकवादी भन्दै चेतावनी समेत थिएका छन् । तर, युडिडी नेताहरूले प्रदर्शनकारीसँग बन्दुक नरहेको दाबी गरेका छन् । टेलिभिजनमा देखाइएका दृश्यहरूमा प्रदर्शनकारीले ढुङ्गा हान्ने, गुलेली चलाउने, सेनाका ट्रकलाई अबरोध गर्ने र सेनामाथि आक्रमण गर्ने रहेका छन् ।

लुकिछिपी ग्रिनेड आक्रमण गर्ने क्रम रोकिएको छैन तर यसका पछिल्तिरका व्यक्तिको पहिचान खुलेको छैन । लुकिछिपी एकजनाले रातो कमिजधारी तर्फका विद्रोही जनरल खत्तिया सवासडिपोलको टाउकोमा गोली प्रहार भएपछि तनाव सिर्जना भएको छ । स्वतन्त्र वेभसाइटहरूले प्रदर्शनकारीलाई सेनाले कब्जामा लिएर गोली प्रहार गरेको समाचार दिएका छन् तर सरकारले प्रतिरक्षाका निम्ति मात्र गोली चलाएको बताएको छ । एकजना पत्रकारले केही राता कमिजधारी प्रदर्शनकारीले हाते बन्दुक बोकेको देखेका थिए ।

नियम कानुन पालना नभइरहेको स्थितिमा वार्ता पुनः आरम्भ हुनसक्छ भन्ने कुरामा धेरैले विश्वास देखाएका छैनन् । सुआन डुसिट पोलले गरेको सर्वेक्षणमै ५३.२५ प्रतिशतले आफूहरू प्रधानमन्त्री भएको भए राता कमिजधारीसँगको वार्तालाई निरन्तरता दिने बताएको जनाएको छ । "वार्ता असम्भव होला भन्ने मलाई लाग्दैन," पाकोर्नले भने । "सरकारसँग वार्ताका निम्ति युडिडीका तर्फबाट थाक्सिनका अलावा अन्य कोही प्रतिनिधि होला भन्ने मलाई लाग्दैन ।" सुजान भन्छन्, "यो रक्तपात कसरी र कुन तरिकाबाट जारी रहन्छ भन्ने मैले केही बुझ्न सकेको छैन ।"

# मलावीका समयौनिक जोडी दण्डित

– क्लेयर नोजो

केपटाउन (**आई.पी.एस्./एन्.पी.आई.**) – गत डिसेम्बर मा आफ्नै विवाह भोजपश्चात् पक्राउ परेका समयौनिक (गे) स्टेभेन मोन्जेजा र टिओन्ज चिम्बालाङ्गा नामका दुई पुरुषलाई मे १८ का दिन मलावीको औपनिवेशिक समयको दण्डसंहिता अन्तर्गत "गैरप्राकृतिक कार्य" र "व्यापक दुर्व्यवहार" भन्दै दोषारोपण गरिएको छ ।

मे २० तारिखका दिन सजाय सुनाउने मिति तय गरिएको छ र उनीहरूले कानुन अनुरूप १४ वर्षसम्मको जेल सजाय पाउन सक्छन् । मोन्जेजा र चिम्बालाङ्गाले आफ्नो परम्परागत विवाह भोज डिसेम्बर २६ मा मनाएका थिए । यस्तो भोज मान्यता प्राप्त सामाजिक विवाहका अवसरमा आयोजना गरिन्छ । उनीहरूलाई भने त्यस्तो भोजको दुईदिनपछि गिरफ्तार गरिएको थियो ।

मजिस्ट्रेट अदालतले दुईवटा कारण देखाउँदै दुबैजनालाई जमानतमा छाड्न अस्वीकार गरेको थियो । उनीहरूलाई अदालतमा उपस्थित गराउँदा सर्वसाधारणले दुत्कार्ने र जिस्क्याउने गर्दथे । उनीहरूले यौनसंसर्ग राखेको र मानसिकरूपमा दुरुस्त रहेको स थापित गराउन धेरैपटक चिकित्सा परीक्षण गरिएको थियो ।

एम्नेस्टी इन्टरनेसनलले जबर्जस्ती परीक्षण गर्दा यातना र अन्य नृसंश, अमानवीय तथा होच्याउने कार्य गर्न हुँदैन भन्ने कुराको उल्लङ्घन हुने तथा स्वतन्त्र सुनुवाईमा यसले प्रभाव पार्ने जनाएको छ । यस मुद्दाले मुलुकभित्र र बाहिर राम्रैसँग ध्यान तान्न सफल भएको छ । मार्च १६ मा बजेट सहायताका निम्ति साझा रणनीति (सिएबिएस) अन्तर्गत कार्यरत बेलायत सरकार, जर्मनी, अफ्रिकी विकास बैंक, नर्वे, युरोपेली युनियन र विश्व बैंकजस्ता मलावीका मुख्य दाताहरूले समलिङ्गीमाथि भइरहेका सजायका सम्बन्धमा मलावीमाथि चेतावनी समेत दिएका छन् । सिएबिएसले मलावीको ४३ करोड ८० लाख अमेरिकी डलरको वार्षिक विकास बजेटमध्ये झण्डै ८० प्रतिशत उपलब्ध गराइरहेका छन् ।

"मानव अधिकारको कुरा गर्दा हामीले बहुसंख्यकलाई मात्र ध्यान दिनु हुँदैन र समलिङ्गीजस्ता अल्पसंख्यक समूहका विषयलाई पनि विस्तारपूर्वक विचार गर्नुपर्दछ," सिएबिएसका अध्यक्ष एवं मलावीस्थित अफ्रिकी विकास बैंकका प्रमुख फ्रान्क कुफ्वाकवान्दीले जारी गरेको वक्तव्यमा भनिएको छ । कुफ्वाकवान्दीले मलावीले मानव अधिकारको सम्मान गर्न आग्रह समेत गरेका छन् ।

"सिएबिएसका तर्फबाट मलावीको निम्ति बजेट सहायता गर्दा मानव अधिकारको सम्मान पनि आधारभूत सिद्धान्तको रूपमा रहेको छ," उनले बताए । समलिङ्गीमाथि सजाय दिनेक्रम निरन्तर रहेमा मलावीले अन्तर्राष्ट्रिय जगतबाट एक्लिन सक्ने जोखिम रहेको सहायता समूहले चेतावनी समेत दिएका छन् ।

तर २२ वटा प्रोटेस्टेन्ट चर्चको समूहबाट गठन भएको मलावी चर्च काउन्सिल (एमसिसी) ले पनि अन्य धेरैवटा संस्थाभैंm दातृ निकायको दबाबमा नपर्न आग्रह गरेको छ र सहायताको नाममा समयौनिक अधिकारका नाममा नझुक्न भनेको छ । मार्च १९ मा जारी गरिएको वक्तव्यमा एमसिसीले अन्तर्राष्ट्रिय समुदायलाई मलावीको साँस्कृतिक र धार्मिक मान्यतालाई सम्मान गर्न तथा मानव अधिकारको नाममा समलिङ्गीजस्तो घृणित कार्यलाई बैधता प्रदान गर्नेतर्फ सहायता प्रदान गर्ने नाममा मलावीमाथि दबाब नदिन आग्रह गरेको छ ।

एमसिसीले समलिङ्गी क्रियाकलाप र अभ्यासलाई अपराध ठहऱ्याउने कानुनको कार्यान्वयन दृढतापूर्वक गर्न सरकारसँग माग पनि गरेको छ । तर मानव अधिकार सम्बन्धी वकिल क्रिस्पिन सिवान्डे समयौनिक जोडीको गिरफ्तारी र सजाय मलावीकै संविधानको धारा २० अन्तर्गत पनि मेल नखाने तर्क गर्दछन् । संविधानमा भनिएको छ, "कुनै पनि रूपबाट व्यक्तिलाई विभेद गर्न पाइने छैन र सबै नागरिकले जाति, रङ्ग, यौन, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रियता, जातीय वा सामाजिक उत्पत्ति, असक्तता, सम्पत्ति, जन्म वा अन्य अवस्थाका आधारमा विभेद नगरी समान र प्रभावकारी संरक्षणको प्रत्याभूति प्राप्त गर्दछन् ।"

सिवान्डे संविधान मुलुकको सर्वोच्च कानुन रहेको र यसले व्यक्तिको यौनिक चाहना समेत विवेक, गोपनीयता र अभिव्यक्तिको स्वतन्त्रतालाई प्रत्याभूति गरेको बताउँछन् ।

संविधानको धारा ५ ले संविधानको प्रावधान बमोजिमका कानुन नरहेको अवस्थामा यो अवैधानिक हुन्छ । "समयौनिक जोडीले अन्य व्यक्तिको अधिकारलाई हनन नगरेको अवस्थामा उनीहरूले कुनै गलत कार्य गरेको ठहरिन्न," सिवान्डे बताउँछन् ।

अल्पसंख्यकका निम्ति क्रियाशील स्थानीय मानव अधिकार संस्था जनविकास केन्द्र (सेडेप) ले मलावीका अधिकांश समलिङ्गी हाल प्रचलनमा रहेका प्रतिबन्धात्मक र पुराना कानुनको आडमा आफ्नो यौनिक छनौटका कुरा लुकाउन बाध्य रहेको जनाएको छ । "आफ्नो यौनिक चाहना अभिव्यक्त गर्नु अपराध होइन," सेडेपका निर्देशक गिफ्ट ट्रापेन्सले आईपीएसलाई बताए । "प्रयोग भइरहेको कानुन पनि दण्डसंहिताबाट लिइएको छ जसले संविधानले सुरक्षित गरेको मानव अधिकारको प्रतिकूल पनि छ । मानिसको एक पक्षका विरुद्धमा चालिएको यो मानव अधिकारको घोर उल्लङ्घन हो ।"

नेपाल प्रेस इन्स्टिच्युटद्वारा प्रकाशित/सम्पादकः चिरञ्जीवी खनाल/ठेगानाः हुलाक मञ्जूषाः ४१२८, थापाथली, काठमाडौं,
फोन नं. ४-२६४१५५,४-२६६४१८ फ्याक्स नं. २६४१५४, ई-मेलः npiktm@wlink.com.np

बाट : नेपाल प्रेस इन्स्टिच्यूट
थापाथली-७०७ प्रशुतिगृह मार्ग
पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल
फोन नं. ४-२६४१५५, ४-२६६४१८
फ्याक्स नं. २६४१५४

लाई : ____________________